# गल्छी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बैरेनी, धादिङ
### बागमती प्रदेश, नेपाल

**आ.ब. २०८०/०८१ देखि आ.ब. २०८२/०८३ सम्मको लागि आन्तरिक आय विज्ञापन करको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०२/२८**

१. गल्छी गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा ३ अनुसार यस गल्छी गाउँपालिकाबाट आ.व. २०८०/८१ देखि आ.व. २०८२/८३ सम्मको तिन आर्थिक वर्षका लागि देहाय बमोजिमको आन्तरिक आय विज्ञापन करको बढाबढ प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

२. दरभाउ पत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन को कार्यालय समय भित्र आ.व. २०७९/०८० सम्मका लागि नविकरण भएको व्यवसाय दर्ता इजाजत पत्र, स्थायी लेखा नम्बर, मु.अ. कर दर्ता प्रमाणपत्र र आ.ब. २०७८/७९ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु निवेदन साथ पेश गरी नियमानुसार दरभाउपत्र फाराम दस्तुर पछि फिर्ता हुने गरी रु. १०००/- यस कार्यालयको ग्लोवल आई.एम.ई. बैंक, बैरेनी शाखा, धादिङमा रहेको यस कार्यालयको ग१.१ आन्तरिक राजश्व खाता गल्छी, खाता नं. ८१०४०१०००००००४ मा दाखिला गरेको सक्कलै बैंक भौचर पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

३. खरिद गरिएका दरभाउपत्र फारामको महलहरुमा स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजेभित्र यस कार्यालयमा आई दरभाउपत्र दर्ता गराउन सकिनेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको १ बजे उपस्थित दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र यस कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खोलेको दिन सोहि समय बमोजिम हुनेछ ।

४. दरभाउपत्र फाराम साथ आफुले धरौटी बापतको रकम तपसिल बमोजिम यस गाउँ कार्यपालिकाको कार्यालयको ग्लोवल आई. एम. ई बैंक बैरेनी शाखा धादिङमा रहेको यस कार्यालयको ग ३ धरौटी खाता गल्छी खाता नं. ८१०१०१००००१९१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट स्वीकृत प्राप्त वाणिज्य बैंकले जारी गरेको बैंक जमानत पत्र दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनेछ । बैंक जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढिमा हुनु पर्नेछ । साथै दरभाउपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

५. यस कार्यालयको हितलाई ध्यानमा राखि प्राप्त भएको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । न्युनतम कबोल अंक भन्दा घटी कबोल अंक राखि पेश गरेको, रित नपुगेको, शर्त राखि पेश भएको र म्याद नागी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

६. दरभाउपत्र स्वीकृत भएपछि सम्झौताको बखत कुल कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम यस कार्यालयको राजश्व खातामा दाखिला गर्नु पर्नेछ, त्यस्तै कुल कबोल अंकको थप ३५ प्रतिशतले हुन आउने रकम २०८१ श्रावण महिनाभित्र र कबोल अंकको बाँकी ३५ प्रतिशतले हुन आउने रकम २०८२ श्रावण मसान्त भित्र यस कार्यालयको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

७. दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । वा फोन नं. ०१०४०३१९२, ०१०४०३१५६ र ०१०४०३१६० मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु गल्छी गाउँपालिकाको आर्थिक ऐन, २०७९, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ दरभाउपत्र फाराममा उल्लेखित शर्त र विद्यमान ऐन कानून एवं गाउँपालिकाको निर्णय बमोजिम हुनेछन् ।

८. शिलबन्दी दरभाउपत्रको कामको विवरण निम्नानुसार हुनेछ ।

| ठेक्का नं. | ठेक्काको किसिम | विज्ञापन कर तथा शुल्क उठाउन पाउने क्षेत्र एवं स्वीकृत दररेट | आ.व. २०८०/०८१ देखि ... सम्म २०८२/०८३ (तिन आ.व. को) न्युनतम एकमुष्ट कबोल अंक मु.अ.कर बाहेक | दरभाउपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| १२/०७९/८० | विज्ञापन कर उठाउने शर्त | गल्छी गा.पा. क्षेत्रभित्र दररेट शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । | ९,१८,५५०/- | १०००/- | ६०,०००/- |

लक्ष्मण कुइकेल
प्रमुख प्रशासकीय अधिकृत

# गल्छी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

**आन्तरिक आय ठेक्का बन्दोबस्त(विज्ञापन कर उठाउने) सम्बन्धी सिलबन्दी दरभाउपत्र फाराम**

| आ.ब. २०८०/०८१ देखि आ.ब. २०८२/०८३ सम्म (३ आर्थिक वर्ष) को एकमुष्ट कबोल अंक भ्याट बाहेक | |
|---|---|
| अंकमा | अक्षरमा |
| | |

तिन आर्थिक वर्ष (आ.ब. २०८०/०८१ देखि आ.ब. २०८२/०८३) को न्यूनतम ठेक्का अंक मु.अ.कर बाहेक रु. ९,१८,५५०/- (नौ लाख अठार हजार पाँच सय पचास मात्र) हुनेछ ।

गल्छी गाउँ कार्यपालिका कार्यालय, बैरनी, धादिङको मिति २०८० जेष्ठ २६ गते प्रकाशित सूचना बमोजिम उक्त कार्यका लागि सूचना र सिलबन्दी दरभाउपत्रमा उल्लेखित शर्तको अधिनमा रहि उपरोक्त अनुसारको रकम कबोल गरी यो सिलबन्दी दरभाउपत्र फाराम पेश गरेको छु ।

दरभाउपत्र पेश गर्ने फर्म वा कम्पनीको

फर्म वा कम्पनीको नाम:

फर्म वा कम्पनीको ठेगाना:

प्रोपाइटर वा आधिकारिक प्रतिनिधिको दस्तखत:

फर्म वा कम्पनीको छाप:

ईमेल ठेगाना:

सम्पर्क नम्बर: